बैठक संख्याः १०-२०८२/८३
बैठक मितिः २०८३/१/२३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/१/२३ गते (ने.सं. ११४६, बछलागा ४) बुधबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| २ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ३ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ४ | श्री दिपक कार्की | नायब सुब्बा | |
| ५ | | | |
| ६ | | | |

बैठक संख्याः १०-२०८२/८३
बैठक मितिः २०८३/१/२३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

प्रस्तावहरुः

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. मस्यौदा निर्माण समिति सम्बन्धमा ।
३. सरुवा सहमति सम्बन्धमा ।
४. सार्वजनिक जग्गाको संरक्षण तथा व्यवस्थापन सम्बन्धमा ।
५. आर्थिक सहयोग सम्बन्धमा ।
६. आगामी आ.व. को बजेट सीमामा आधारित भई बजेट निर्माण तयारी सम्बन्धमा ।
७. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।
८. ५ शैयाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।
९. शिक्षक सरुवा सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।

२. प्रस्ताव नं. (२) उपर छलफल गर्दा नगरपालिकाको कार्य सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउँदै संविधान, प्रचलित सङ्घीय तथा प्रादेशिक कानुनको अधीनमा रही नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र नीति सापेक्ष हुने गरी आवश्यकता अनुसार कानुनी मस्यौदा तर्जुमा गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सभा तथा कार्यपालिकालाई राय, सुझाव उपलब्ध गराउन गठित विषयगत समितिहरुमा अध्ययन तथा छलफलका लागि पेश गर्ने प्रयोजनका लागि देहाय बमोजिमको कानुन मस्यौदा निर्माण समिति गठन गर्ने ।

मस्यौदा निर्माण समिति

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) नगर उपप्रमुख | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) शाखा प्रमुख, सञ्चार तथा सूचना प्रविधि | - सदस्य |
| (ङ) शाखा प्रमुख, आर्थिक प्रशासन | - सदस्य |
| (च) शाखा प्रमुख, प्रशासन | - सदस्य सचिव |

बैठक संख्याः १०-२०८२/८३
बैठक मितिः २०८३/१/२३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

३. प्रस्ताव नं. (३) उपर छलफल गर्दा हाल खुम्बु पासाङल्हामु गाउँपालिका, सोलुखुम्बुमा कार्यरत अधिकृतस्तर सातौं तहका शिक्षा अधिकृत श्री पदम बहादुर बस्नेतको निवेदन माग बमोजिम निजको पारिवारिक तथा स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै तथा निज साविकमा यसै नगरपालिकामा कार्यरत रहँदाको कार्य सम्पादनस्तर र सेवाग्राहीको सकारात्मक पृष्ठपोषण समेतका आधारमा यस नगरपालिकामा रिक्त स्थानीय शिक्षा सेवा, शिक्षा प्रशासन समूह, निरीक्षण उपसमूह, अधिकृतस्तर सातौं तहको शिक्षा अधिकृत पदमा सरुवा भई आउन सहमति दिने ।

साथै, हाल कानेपोखरी गाउँपालिका, मोरङमा कार्यरत सब-इन्जिनियर श्री वीना राईले मिति २०८३/०१/२२ मा पेश गरेको निवेदन बमोजिम निजको स्थायी ठेगाना यसै नगरपालिकामा रहेको तथा निज साविकमा यस नगरपालिकामा सेवारत रहँदाको कार्य सम्पादनस्तर सकारात्मक रहेको अवस्थालाई दृष्टिगत गर्दै, यस नगरपालिकामा रिक्त रहेको स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह अन्तर्गत सहायकस्तर पाँचौं तहको सब-इन्जिनियर पदमा सरुवा भई आउन सहमति प्रदान गर्ने ।

४. प्रस्ताव नं. (४) उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह समन्वय शाखाबाट पत्र संख्याः २०८२/०८३, चलानी नं. ४१२, मितिः २०८३/१/१७ मा प्राप्त पत्र तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ बमोजिम स्थानीय तहको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्थानुसार नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न आवश्यक पहल गर्ने। यसका लागि नगरपालिकाभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको यथार्थ विवरण सङ्कलन गर्न सम्बन्धित वडा कार्यालयहरूलाई निर्देशन दिने र जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभासँग समन्वय गरी स्थानीय प्रहरी समेतको सहयोगमा अतिक्रमण भएका क्षेत्रहरूको पहिचान तथा विवरण सङ्कलन गर्ने व्यवस्था मिलाउने ।

साथै, अतिक्रमण गरी बसोबास गरिरहेका घरपरिवारमध्ये वास्तविक सुकुम्बासीको पहिचान गरी उनीहरूका लागि सुरक्षित तथा व्यवस्थित आवासको व्यवस्था गर्न साथै, सुरक्षित आवास, स्वास्थ्य सेवा, खानेपानी, सरसफाइ, गोपनीयता, महिला तथा अपाङ्गतामैत्री संरचना लगायतका विषय समेटिने गरी आवश्यक कार्य योजना तयार गर्ने ।

यसका अतिरिक्त नगरपालिकाभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणका लागि अभिलेखीकरण तथा आवश्यक नक्साङ्कन गर्ने, भविष्यमा अतिक्रमण हुन नदिन नियमित अनुगमन तथा नियन्त्रणका उपायहरू अवलम्बन गर्ने तथा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण नगर्न र जोखिमपूर्ण स्थानमा बसोबास नगर्न आम नागरिकलाई विभिन्न

माध्यमबाट सुसूचित गराउने । उक्त सम्पूर्ण कार्यहरूको कार्यान्वयनका लागि नगरपालिका तथा वडा कार्यालयहरूलाई निर्देशन दिने ।

५. प्रस्ताव नं. (५) उपर छलफल गर्दा जिल्ला समन्वय समिति, खाँदबारी, सङ्खुवासभाको पत्र सङ्ख्या २०८२/८३, चलानी नं. २४६, मिति २०८३/०१/१४ को पत्रसाथ मिति २०८२/१२/३० गते बसेको सातौं जिल्ला सभा बैठकको निर्णय समेतका आधारमा सङ्खुवासभा जिल्ला भोटखोला गाउँपालिकाका अध्यक्ष श्री वाङछेदर लामा Chronic Kidney रोगबाट ग्रसित भई हाल उपचाररत रहनुभएको साथै, Kidney प्रत्यारोपण गर्नुपर्ने भएकोले जिल्लाका सबै स्थानीय तहहरुले रु. ५०,०००/- (पचास हजार) रकम आर्थिक सहयोग उपलब्ध गराउने विषयमा यस नगरपालिकाबाट समेत सो बमोजिमको सहयोग रकम उपलब्ध गराउने ।

साथै, यस नगरपालिकाका शिक्षकहरु सम्मिलित चैनपुर स्थित नुनढाकीमा आयोजना भएको पालिकास्तरीय शिक्षक भलिबल प्रतियोगितामा सहभागी हुँदा खर्च भएको रकम रु. २०,०००/- (बीस हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।

त्यसैगरी, नवौं मेयर भोजपुर गोल्ड कप (२०८३/१/६ – १२ सम्म) फुटबल खेलमा जिल्ला फुटबल सङ्घ, सङ्खुवासभाको तर्फबाट सङ्खुवासभा – ११ का खेलाडीहरु सहभागी भई आयोजना भएको उक्त प्रतियोगितामा सहभागी भई खर्च भएको रकम मध्ये जिल्ला फुटबल सङ्घ, सङ्खुवासभाको आर्थिक तथा भौतिक सहयोग गरिदिने सम्बन्धी पत्र माग बमोजिम उक्त सङ्घलाई यस नगरपालिकाको तर्फबाट रु. २०,०००/- (बीस हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।

६. प्रस्ताव नं. (६) उपर छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित "स्थानीय राजस्व परामर्श समिति" तथा "स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति" को विभिन्न मितिको निर्णयानुसार आगामी आर्थिक वर्ष २०८३/८४ का लागि देहाय बमोजिमका विषय शीर्षकका सीमा भित्र रही वडास्तरीय तथा नगरस्तरीय कार्यक्रम, योजना/आयोजनाहरु सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत टोल/वस्तीस्तरको भेलाबाट छनौट गरी वडा समितिबाट निर्णय गराई आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तयारी प्रयोजनार्थ नगरपालिकामा मिति २०८३ बैशाख मसान्त भित्र पठाउने ।

**आ.व २०८३/८४ को लागि अनुमानित आय सिमा**

| क्र.सं. | स्रोत | आय सिमा |
|---|---|---|
| १ | सङ्घीय समानिकरण अनुदान | ११ करोड ७२ लाख |
| २ | सङ्घीय राजश्व बाँडफाँट | ८ करोड ४१ लाख ४ हजार |
| ३ | सङ्घीय सशर्त अनुदान चालु | २१ करोड ६० लाख |

बैठक संख्याः १०-२०८२/८३
बैठक मितिः २०८३/१/२३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

| | | |
|---|---|---|
| ४ | प्रदेश समपुरक अनुदान | १ करोड |
| ५ | प्रदेश पुँजीगत अनुदान | ६० लाख |
| ६ | सङ्घीय समपुरक अनुदान | १ करोड |
| ७ | प्रदेश समानिकरण अनुदान | ७३ लाख १ हजार |
| ८ | प्रदेश राजश्व बाँडफाँट | ६९ लाख ४४ हजार ८९३/- |
| ९ | प्रदेश सशर्त अनुदान चालु | ३० लाख |
| १० | आन्तरिक राजश्व | १ करोड |
| ११ | विविध कोष खाता | १ करोड |
| १२ | धरौटी खाता | १ करोड |
| १३ | नगद मौज्दात | १२ लाख |
| १४ | अन्य श्रोत (मौज्दात) | - |
| जम्मा | | ४९ करोड १७ लाख ४९ हजार ८९३/- |

**क्षेत्रगत बजेट सीमा**

| क्र.सं. | क्षेत्रगत शिर्षक | प्रतिशत(%) | बजेट सीमा (रु.) |
|---|---|---|---|
| १ | पूर्वाधार विकास (सडक, भवन, सिंचाई आदि) | २०.३४% | १० करोड |
| २ | सामाजिक विकास (शिक्षा, स्वास्थ्य खानेपानी आदि) | ५०.८५% | २५ करोड |
| ३ | आर्थिक विकास (कृषि, पर्यटन, उद्योग आदि) | १०.१७% | ५ करोड |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ०.१८% | ९ लाख |
| ५ | सुशासन तथा संस्थागत विकास | ०.१०% | ५ लाख |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | १८.०६% | ८ करोड ८८ लाख ४९ हजार ८९३/- |
| ७ | अन्य विविध | ०.२०% | १० लाख |
| जम्मा | | १००% | ४९ करोड १७ लाख ४९ हजार ८९३/- |

७. प्रस्ताव नं. (७) उपर छलफल गर्दा नेपाल सरकारबाट स्वीकृत "सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२" सापेक्ष हुने गरी उक्त मापदण्डको दफा ५ बमोजिम धर्मदेवी नगरपालिकाको सङ्गठन संरचना तथा दरबन्दी अध्ययनका लागि मापदण्डको दफा ५ को उपदफा (३) बमोजिम पूर्व स्वीकृति प्रदान गर्ने । साथै, सो मापदण्डको दफा ७ को उपदफा (१) को खण्ड (इ) बमोजिम गठन हुने देहाय बमोजिमको सर्वेक्षण समितिलाई आगामी नगर सभामा पेश गर्ने गरी सङ्गठन संरचना तथा दरबन्दीको अध्ययन तथा विश्लेषण गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

बैठक संख्याः १०-२०८२/८३
बैठक मितिः २०८३/१/२३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

सर्वेक्षण समितिः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य
(ग) शाखा प्रमुख, कर्मचारी प्रशासन शाखा - सदस्य सचिव

८. प्रस्ताव नं. (८) उपर छलफल गर्दा धर्मदेवी नगरपालिका वडा नं. ४ मा अवस्थित ५ शैयाको आधारभूत अस्पतालको भवन निर्माण कार्य मिति २०८१/११/२० मा सम्पन्न भई यस नगरपालिकालाई हस्तान्तरण समेत भइसकेको सन्दर्भमा आवश्यक जनशक्ति, आर्थिक स्रोत तथा अस्पतालजन्य उपकरणहरुको व्यवस्थापन गरी उक्त अस्पतालको सञ्चालन यसै आर्थिक वर्ष २०८२/८३ बाट गर्ने ।

९. प्रस्ताव नं. (९) उपर छलफल गर्दा अमरुवा माध्यमिक विद्यालयको प्राथमिक तह तृतीय श्रेणीको रिक्त शिक्षक दरबन्दीमा सरुवा प्रक्रिया मार्फत पदपूर्ति गर्ने सम्बन्धमा नगरपालिकाबाट सूचना प्रकाशन भएकोमा श्री धर्मदेवी आधारभूत विद्यालय, आच्छाम्बुमा कार्यरत प्रा. वि. तृतीय श्रेणीका शिक्षक श्री भानुभक्त कार्कीको निवेदन प्राप्त भएको, साथै, शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा १७ बमोजिमको प्रक्रिया पूरा भई निजको एक मात्र निवेदन प्राप्त भएको हुँदा सोही निर्देशिकाको दफा १८ को उपदफा (१) बमोजिम निजलाई खटिएकै विद्यालयबाट तलब भत्ता खाने गरी श्री अमरुवा माध्यमिक विद्यालयमा रिक्त प्राथमिक तह तृतीय श्रेणीको शिक्षक दरबन्दीमा सरुवा गर्ने ।

१०. प्रस्ताव नं. (१०) को विविध शीर्षकको प्रस्ताव उपर छलफल गर्दा इलाका प्रहरी कार्यालय, (आर्थिक प्रशासन शाखा), चैनपुर, सङ्खुवासभाको मिति २०८३/१/२१ को प्राप्त पत्र मार्फत प्रहरी चौकी, मुडेशनिश्चरे, सङ्खुवासभाको प्रयोगमा रहेको बा १ झ ८०९७ नम्बरको चार पाङ्ग्रे सवारी साधन मर्मतको लागि आवश्यक आर्थिक सहयोग माग भएको सम्बन्धमा सो सवारी साधन मर्मत भई प्रहरी चौकी, मुडेशनिश्चरेमा प्राप्त भए पश्चात कार्यपालिकाको पूर्व निर्णयानुसार नेपाल प्रहरीको लागू औषध नियन्त्रण सम्बन्धी यस नगरपालिकामा हुने सचेतनामूलक कार्यक्रमको सहयोगका लागि छुट्याइएको रु. ८०,०००/- (असी हजार) सवारी साधन मर्मतका लागि उपलब्ध गराउने ।